# 'दक्षिण एशियाको सम्भावनामा गैरभन्सार बाधक'

## अल्लो र हातेकागजको ब्राण्डिङ आवश्यक

अभियान संवाददाता

माघ २९, काठमाडौं

दक्षिण एशियाली क्षेत्रको आर्थिक तथा व्यापारिक विकासमा गैरभन्सार अवरोध मुख्य बाधकका रूपमा रहेको औंल्याइएको छ । राजधानीमा सम्पन्न दक्षिण एशियाली मुलुकका उत्पादनको सम्भाव्यता अध्ययन, क्षेत्रीय व्यापारको सम्भाव्यतामा गैरभन्सार अवरोधसम्बन्धी अन्तरक्रियाका सहभागीहरूले त्यस्तो बताएका हुन् । अन्तरक्रियामा अल्लो र हातेकागजको सम्भाव्यता तथा समस्याको समाधानसम्बन्धी साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेण्ट (सावती)ले गरेको एक अध्ययन प्रतिवेदनमाथि समेत छलफल भएको थियो । सावतीले बागलुङ, दोलखा, काठमाडौं, रुकुम तथा सङ्खुवासभामा अल्लो तथा हातेकागजको उत्पादन, निकासीका समस्या र सम्भावनाको विषयमा विस्तृत अध्ययन गरेको थियो ।

अध्ययन प्रतिवेदनअनुसार ढुवानीको समस्या, प्रक्रियागत ढिलाइ, पारवहन समस्या तथा ब्राण्डिङको अभावमा स्थानीय उत्पादनले उचित बजार पाउन नसकेको निष्कर्ष निकालिएको छ । अन्तरक्रियामा अध्ययन प्रतिवेदन प्रस्तुत गरेका सावतीका कार्यकारी निर्देशक डा हीरामणि घिमिरेले लघु तथा साना उद्यम सञ्चालका अवरोध, सञ्चालन तथा व्यापार विस्तारका लागि देखिएका गैरभन्सार अवरोध र व्यापार सहजीकरणमा जोड दिनुपर्ने बताए । दक्षिण एशियाली क्षेत्रमा पनि नेपालका लघु, साना र मध्यमस्तरका महिला उद्यमीका समस्या, उद्यमशीलता विकासका सम्बन्धमा अन्तरक्रिया केन्द्रित थियो ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी)को सहयोगमा सावतीले गरेको अध्ययन प्रतिवेदनमाथि सरोकारवाला निकायको राय/सुझाव लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा नेपालसहित बङ्गलादेश, भूटान, भारत, श्रीलङ्का र पाकिस्तानमा समेत यस किसिमको वस्तुको अनुसन्धान, सहजीकरण र ब्राण्डिङका काम भइरहेकाले निकट भविष्यमा गैरभन्सार अवरोध कम गर्न सहयोगी हुने यूएनडीपी, नेपालकी डेपुटी कण्ट्री डाइरेक्टर सोफी केमखाद्जेले बताइन् । गैरभन्सार अवरोधकै कारण दक्षिण एशियाले आर्थिक तथा व्यापारिक क्षेत्रको विकासमा ठूलो अवसर गुमाइरहेको र ठूलो सङ्ख्यामा मानिसहरू गरीबीमा रहेको उनको भनाइ थियो । यूएनडीपीले सधैंजसो व्यापार सहजीकरण एवम् सान्दर्भिक नीतिगत व्यवस्थाका लागि दिगो प्रयास गर्दै आएको उनले बताइन् ।

लघु, साना तथा मध्मस्तरका उद्यमीबाट गरीबी निवारण मात्र नभएर सम्पत्ति आर्जनमा समेत सहयोग पुऱ्याउने विश्वास लिएको अन्तरक्रियामा सहभागी सभासद् डा आरजु राणा देउवाको भनाइ छ । त्यसैगरी सावतीका कार्यकारी अध्यक्ष डा पोषराज पाण्डेले लघु उद्यमको विकासका लागि महिलाको ज्ञान तथा शीपलाई प्रवर्द्धन गर्नेगरी आर्थिक गतिविधिहरूलाई अघि बढाउनुपर्ने बताए ।